प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☎: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : २०७५।७६
चलानी नं. : २११

मिति : २०७५।०७।११

विषय : संकलित राजस्व रकम बाँडफाँड गर्ने सम्बन्धमा ।

श्री मालपोत कार्यालय (सबै),
प्रदेश नं. ५ ।

प्रस्तुत विषयमा ताहाँ मालपोत कार्यालयहरुबाट संकलन गरिने प्रदेश नं. ५ को आर्थिक ऐन,२०७५ को दफा २ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क बापतको राजस्व हाल महालेखा नियन्त्रक कार्यालयबाट तयार पारिएको "प्रदेश तथा स्थानीय तहको विभाज्य कोषका सम्बन्धमा तयार पारिएको कार्यविधि" को प्रकरण नं. ३ अनुसार जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको ख-६ खातामा जम्मा भई बाँडफाँड हुने, प्रदेश संचित कोषमा ४० प्रतिशत र सम्बन्धित गाउँपालिका वा नगरपालिकाको संचित कोषमा ६० प्रतिशतले हुन आउने रकम दाखिला गर्ने व्यवस्था रहेको छ ।

घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क बापत संकलन गरिएको राजस्व जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको ख-६ खातामा जम्मा भई बाँडफाँड गर्नु पर्नेमा हालसम्म सो बमोजिम भएको नपाइएकाले प्रदेश नं. ५ को आर्थिक ऐन, २०७५ को दफा २ एवं अनुसूची १ बमोजिम संकलन गरिने सम्पूर्ण रकम उक्त ख-६ खातामा जम्मा गर्नुहुन र महिना समाप्त भएको ३ (तीन) दिन भित्र बाँडफाँड गरी प्रदेश सरकारको नाममा जम्मा हुने रकम नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयमा रहेको **प्रदेश क. १-३ राजस्व तथा अनुदान खाता, खाता नं. १९००२०१/००२-००२-५२४** मा जम्मा गरिदिने र स्थानीय तहको नाममा जम्मा हुने रकमको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र स्थानीय तहसँग समन्वय गरी खाताको विवरण माग गरी जम्मा गर्ने व्यवस्था मिलाउनुहुन निर्देशानुसार अनुरोध छ ।

(रामहरी मरासिनी)
शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. ५, बुटवल।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय(सबै), प्रदेश नं. ५।

श्री स्थानीय तह (सबै), प्रदेश नं. ५